नेपाल सरकार
फोनः- ०१-४२००३०९
संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(सूचना तथा विद्युतीय शासन शाखा)
सिंहदरबार
काठमाण्डौ

पत्र संख्याः- ०७१।०७२
चलानी नं:- ९४

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
२०६९

मितिः २०७१।१०।२७

RECEIVED
10 FEB 2015

**विषयः- सफलतताका कथाहरुको संकलन सम्वन्धमा ।**

**श्री क्षेत्रीय समन्वय इकाई**
स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम ।
**सबै (६) ।**

उपर्युक्त विषयमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तरगत सञ्चालित कार्यक्रम तथा क्रियाकलाप सम्वन्धी सफलताका कथाहरुको संकलन गरी प्रकाशन गर्ने सम्वन्धमा श्रीमान् सचिवज्यूस्तरको मिति २०७१।१०।२७ को निर्णयानुसार देहाय बमोजिम निर्णय भएको ब्यहोरा जानकारी एवं आवश्यक कार्यार्थ अनुरोध गरिन्छ ।

१) सफलताका कथाहरुको संकलन गर्ने सम्वन्धमा स्थानीय निकायहरुबाट देहायका विषय क्षेत्रका प्रत्येक जिल्ला तथा नगरपालिकाबाट कम्तिमा २ वटा कथाहरु संकलन गर्ने । सफलताका कथाकाहरुको क्षेत्र देहाय बमोजिम तोकिएको ।

- स्थानीय निकायको राजस्व ब्यवस्थापनमा सुधार
- स्थानीय निकायको खर्च ब्यवस्थापनमा सुधार
- स्थानीय योजना तर्जुमा पद्धति
- उपभोक्ता समितिको अनुकरणीय कार्य
- लक्षित कार्यक्रमको प्रभावकारिता
- वैकल्पिक उर्जा
- पारदर्शिता र जवाफदेहिता (सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सामाजिक लेखा परीक्षण आदि)
- जीविकोपार्जन सम्वन्धी कार्यक्रम
- स्थानीय पूर्वाधार विकास
- स्थानीय श्रोत ब्यवस्थापन
- सूचना प्रविधिको प्रयोग र ब्यवस्थापन
- सामुदायिक मध्यस्थता
- वालमैत्री स्थानीय शासन
- वातावरण मैत्री स्थानीय शासन
- सार्वजनिक निजी साझेदारी
- सामाजिक सुरक्षा तथा पन्जीकरण कार्यक्रम
- क्षेत्रगत योजनाहरु

फोनः- ०१-४२००३०९

नेपाल सरकार
संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(सूचना तथा विद्युतीय शासन शाखा)

सिंहदरबार
काठमाण्डौ

पत्र संख्याः- ०७१।०७२
चलानी नंः-

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौं २०६९

RECEIVED 10 FEB 2015

- आवधिक योजनाहरु
- केन्द्रीय निकायहरुका निर्देशनहरुको पालना
- स्थानीय निकायको सञ्चार जगतसँगको सम्वन्धमा
- स्थानीय सञ्चारमा स्थानीय निकायका कार्यहरु
- स्थानीय विकास ब्यवस्थापनमा स्थानीय राजनैतिक पाटीहरुको भूमिका
- स्थानीय वित्तीय जोखिम न्यूनीकरण
- स्थानीय विपद् ब्यवस्थापन
- आन्तरिक ब्यवस्थापन र आन्तरिक नियन्त्रणको नमूना योग्य कार्य
- राष्ट्रिय अभियानमा स्थानीय निकाय (खुला दिशामुक्त, छाउपडी, वालश्रम निषेध, मदिरा, जुवातास निषेध)
- स्थानीय समूहहरुको विकासमा योगदान (आमा समूह, वाल समूह, युवा समूह, बडा नागरिक मञ्च/नागरिक सचेतना केन्द्र)

२. जिल्ला विकास समितिमा कार्यरत जिल्ला शासन विज्ञ, नगरपालिकामा कार्यरत नगर शासन विज्ञले आफ्नो जिल्ला/नपा क्षेत्रबाट कम्तिमा २/२ बटा सफलताका कथाहरु तयार पारी सो सम्वन्धमा स्थानीय विकास अधिकारी/कार्यकारी अधिकृतबाट परिमार्जन तथा आवश्यक छलफल गराई आ-आफ्नो क्षेत्रको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको क्षेत्रीय समन्वय इकाईमा २०७१ साल फाल्गुन १० गतेभित्र पठाउने,

३. क्षेत्रीय समन्वय इकाईमा कार्यरत क्षेत्रगत विज्ञहरुले आफ्नो आफ्नो क्षेत्रसँग सम्वन्धित सफलताका कथाहरु परिमार्जन गरी अन्तिम रुप दिन देहाय बमोजिमको कार्य टोली गठन गर्ने,

| | | |
|---|---|---|
| क) | क्षेत्रीय शासन तथा क्षमता विकास विज्ञ | संयोजक |
| ख) | क्षेत्रीय सामाजिक विकास विज्ञ | सदस्य |
| ग) | क्षेत्रीय अनुगमन तथा मूल्यांकन विज्ञ | सदस्य सचिव |

<u>कार्य विवरण</u>

- आफ्नो क्षेत्रभित्रका सबै जिविस तथा नपाबाट कम्तिमा दुई दुईबटा सफलताका कथाहरु जिल्ला शासन विज्ञ/नगर शासन विज्ञ मार्फत संकलन गर्ने,
- माथि बुँदा नं. १ मा उल्लेख भएका सबै विषयहरु समावेश हुने र दोहोरा विषय नपर्ने गरी सफलतका कथाहरु संकलन गर्न समन्वय मिलाउने,
- प्राप्त सफलताका कथाहरुको सत्यता र पछि स्थलगत अध्ययन भ्रमण गर्दा समेत स्पष्ट रुपमा पहिचान हुन सक्ने अवस्थाका लागि अभिलेखीकरण गरी राख्ने,
- प्राप्त सफलताका कथाहरुको भाषा सम्पादन गर्ने,
- सफलताको कथाको संकलन तथा अन्य कार्य गर्ने आफ्नो विधि आफै निर्धारण गर्ने,

नेपाल सरकार
संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(सूचना तथा विद्युतीय शासन शाखा)
फोन:- ०१-४२००३०९
सिंहदरबार
काठमाण्डौ

10 FEB 2015

पत्र संख्या:- ०७१।०७२
चलानी नं:-

४. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको छ वटा क्षेत्रीय समन्वय इकाईहरुमा कार्यरत विज्ञहरुले आफ्नो आफ्नो विषयगत कार्यक्षेत्रसँग सम्बन्धित एक/एक बटा सफलताका कथाहरु संकलन गर्ने (जिल्ला/नगर शासन विज्ञबाट संकलन भएका सफलताका कथाहरुमा दोहोरो नपर्ने गरी)

५. सफलताका कथाहरुको नमूनागत ढाँचा देहाय बमोजिम निर्धारण गर्ने :
क) पृष्ठभूमि : ..........................................
ख) विगतको अवस्था : ..................................
ग) विगतको अवस्थालाई परिवर्तन गर्न गरिएका प्रयासहरु/कार्यहरु : ...........................
घ) हालको अवस्था (असर तथा प्रभाव) : ............................................................
ङ) निष्कर्ष : (स्थानीय तथा राष्ट्रिय विकासमा परेको प्रभाव सहितको)

नोट :

- कुन स्थान वा क्षेत्रको हो स्पष्ट भौगोलिक पहिचान हुने विषय पृष्ठभूमिमा समावेश गर्ने
- सफलताका कथाहरुमा सरल भाषा तथा छोटा छोटा वाक्यांश बनाउने
- दोहोरा अर्थ लाग्ने शब्दहरुको प्रयोग नगर्ने, अंगेजी शब्दको पनि प्रयोग नगर्ने
- विगतको अवस्था र हालको अवस्थाको फोटो समावेश गर्ने
- कथा वढिमा २५० शब्दमा सीमित गर्ने,
- विषयगत तथ्य बमोजिम यसको ढाँचामा सामान्य हेरफेर गर्न सकिने
- तयार पार्ने व्यक्तिको परिचय, मोवाइल नं. र इमेल समावेश गर्ने

६. सफलताका कथाहरुको संकलनको संयोजन स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको कार्यक्रम समन्वय इकाईमा कार्यरत सूचना तथा सञ्चार अधिकृतले गर्ने गरी जिम्मेवारी तोकिएको र निजले संकलन गरेका सफलताका कथाहरुलाई एकमुष्ठ प्रिन्ट सहितको वुक र त्यसको डिजिटल कपिलाई मन्त्रालयको सूचना तथा विद्युतीय शासन शाखामा २०७१ साल फाल्गुन १५ गतेभित्र पेश गर्ने ।

(कृष्णराज अर्याल)
शाखा अधिकृत

**वोधार्थ तथा कार्यार्थ**

श्री जिल्ला विकास समितिको कार्यालय, सबै (७५)
श्री नगरपालिका, सबै (१९१) ।
श्री स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, कार्यक्रम समन्वय इकाई, सिंहदरवार ।
श्री रेसु कार्की, सूचना तथा अभिलेख अधिकृत, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, कार्यक्रम समन्वय इकाई, सिंहदरवार । : उपयुर्क्त बमोजिम सफलताका कथाहरु संकलन गर्न संयोजन गर्नुहुन ।